**बैठक संख्या : ०५-०७९।०८०**

आज मिति २०७९ साल कार्तिक १७ गतेका दिन बागलुङ नगरपालिकाका नगर प्रमुख श्री बसन्त कुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा बसेको बागलुङ नगरकार्यपालिकाको बैठकको उपस्थिति र निर्णय देहाय बमोजिम भयो ।

**उपस्थिती :**

| क्र.स. | दस्तखत | पद | नामथर |
|---|---|---|---|
| १ | | नगर प्रमुख | श्री बसन्त कुमार श्रेष्ठ |
| २ | | नगर उपप्रमुख | श्री राजु खड्का |
| ३ | | वडा अध्यक्ष | श्री जय बहादुर के.सी. |
| ४ | | वडा अध्यक्ष | श्री सुरज बोसेल |
| ५ | | वडा अध्यक्ष | श्री सनी के.सी.(लक्ष्मण) |
| ६ | | वडा अध्यक्ष | श्री कुमार विक्रम क्षेत्री |
| ७ | | वडा अध्यक्ष | श्री हरि प्रसाद शर्मा |
| ८ | | वडा अध्यक्ष | श्री रुद्र बहादुर के.सी. |
| ९ | | वडा अध्यक्ष | श्री मेघनाथ गैरे शर्मा |
| १० | | वडा अध्यक्ष | श्री छम बहादुर कार्की |
| ११ | | वडा अध्यक्ष | श्री राजु थापा |
| १२ | | वडा अध्यक्ष | श्री तिल बहादुर थापा मगर |
| १३ | | वडा अध्यक्ष | श्री ज्ञानेन्द्र गौतम |
| १४ | | वडा अध्यक्ष | श्री कोपिलामणी शर्मा |
| १५ | | वडा अध्यक्ष | श्री नारायण शर्मा पौडेल |
| १६ | | वडा अध्यक्ष | श्री चक्र बहादुर के.सी. |
| १७ | | कार्यपालिका सदस्य | श्री ज्योती के.सी. (विष्ट) |
| १८ | | कार्यपालिका सदस्य | श्री सुनिता श्रेष्ठ |
| १९ | | कार्यपालिका सदस्य | श्री धनमाया शर्मा |
| २० | | कार्यपालिका सदस्य | श्री टुकादेवी शर्मा आचार्य |
| २१ | | कार्यपालिका सदस्य | श्री शान्ति बासेल |
| २२ | | कार्यपालिका सदस्य | श्री सीता थापा |
| २३ | | कार्यपालिका सदस्य | श्री ढाका बहादुर परियार |
| २४ | | कार्यपालिका सदस्य | श्री चुरा बहादुर सुनार |
| २५ | | सदस्य सचिव | श्री पुरुषोत्तम सापकोटा |

अन्यउपस्थिती :

| | | | |
|---|---|---|---|
| | | शिक्षा अधिकारी | श्री धन प्रसाद पोख्रेल |
| | | अधिकृत दशौं | श्री रत्न बहादुर पुन |
| | | सहायक पाँचौं | श्री आनन्द प्रसाद शर्मा |
| | | का. स. | श्री सावित्री पौडेल |

**निर्णय नं. १**

बागलुङ नगरपालिकाको आ.व. २०७५।०७६ को अन्तिम लेखा परिक्षण प्रतिवेदनको दफा ५१.२ मा प्रदेश आर्थिक ऐन, २०७५ को अनुसूची ६ मा रोडा, ढुंगा, गिट्टी, चिप्स गेग्रान, चट्टानको संकलनको दर प्रति क्यु.फिट रु ४।- को दरले कर संकलन गर्ने उल्लेख छ। कार्यालयको यस वर्ष विभिन्न ४ फर्मबाट नदिजन्य पदार्थ विक्री वापत रु. ४९,१५,१०१।- को सम्झौता गरी रु. ४६,१५,१०१।- संकलन गरेको छ। तर संकलन तथा विक्रीको दर प्रति क्यु फिट रु. २.५ को दरले संकलन गरेको रु. २७,६९,०६०।६० रकम कम आय प्राप्त भएको छ। प्रदेश ऐनको व्यवस्थालाई कार्यान्वयन नगरी घटी दर राखी कर संकलन गर्दा रु २७,६९,०६०।६० ले घटी आम्दानी गरेको सम्बन्धमा जिम्मेवार पदाधिकारीलाई जवाफदेही बनाउनु पर्ने भनी बेरुजु कायम भएको रु.२७,६९,०६०।६० को सम्बन्धमा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६४ नेपाल सरकारको आर्थिक ऐन २०७५ (मिति २०७५।०३।३२) बाट उक्त संशोधन भै खारेज भएकोले यस नगरपालिकाको आर्थिक ऐन २०७५ ले तोके बमोजिमको दररेट अनुसार नै उक्त आ.व.को आय ठेक्का बन्दबस्त गरिएको हुँदा उक्त बेरुजु कायम हुनु नपर्ने देखिएकोले बेरुजु सम्परिक्षणको लागि मिति २०७८।०९।२९ मा सम्पन्न दशौ नगरसभाबाट बेरुजु फर्छ्यौट गर्न महालेखा परिक्षकको कार्यालयमा अनुरोध गर्ने निर्णय भएकोमा हाल सम्म उक्त बेरुजु सम्परिक्षण भै नसकेको हुँदा उक्त बेरुजु रकम सम्परिक्षणको लागि पुनः अनुरोध गरी लेखी पठाउने निर्णय गरियो ।

**निर्णय नं. २**

बागलुङ नगरपालिकाको निम्नानुसारका कार्यविधिहरुलाई पारित गर्ने निर्णय गरियो ।

१. सुत्केरी सट्टा शिक्षक/कर्मचारी व्यवस्थापन कार्यविधि २०७९

२. घुम्ती शिक्षक नियुक्ति सम्बन्धि कार्यविधि २०७९

३. पदमसिङ छात्रवृत्ति वितरण सम्बन्धि कार्यविधि २०७९

४. गोविन्द अधिकारी व्यवसायिक छात्रवृत्ति वितरण सम्बन्धि कार्यविधि २०७९

५. नगरस्तरीय स्वास्थ्य विमा कार्यक्रमको कार्यविधि २०७९

६. सुत्केरी प्रोत्साहन भत्ता कार्यविधि २०७९

**निर्णय नं. ३**

मतादाता शिक्षा स्वयमसेवकलाई कार्यक्रम सञ्चालन अवधिभर भ्रमण खर्च स्वरुप सम्बन्धित स्थानीय तहले सम्बन्धित स्थानीय तहको स्विकृत खर्च मापदण्ड बमोजिम न्यूनतम रु. १०,०००। पाउने गरी भुक्तानी हुने व्यवस्था मिलाउने भनी मतदाता शिक्षक कार्यक्रम निर्देशिकामा व्यवस्था भए बमोजिम बागलुङ नगरपालिका वडा नं. १ देखी १४ सम्म मतदाता शिक्षा दिन खटिएका स्वास्थ्य स्वयसेविकाहरुलाई अन्य सेवा शुल्क शिर्षकबाट रु १०,०००।-(अक्षरुपी दश हजार रुपैया मात्र) उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ४**

बागलुङ नगरपालिकाको स्वीकृत मौजुदा सडक मापदण्ड र सडक अधिकार क्षेत्र भित्र बनाईएका घर, टहरा, पर्खाल, ट्रस, छाना, रेलिङ जस्ता संरचना हटाई सडक मापदण्ड पूर्ण रुपमा कार्यान्वयन गर्न गराउनको लागि स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिमको प्रकृया अगाडि बढाउने निर्णय गरियो ।